स्वच्छ संमृद्ध सुसंस्कृत इलाम

# इलाम नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## शिक्षा,युवा तथा खेलकुद शाखा
## इलाम

Green Ilam

पत्र संख्या: ०७७/७८

चलानी नं: ८२२८

१ नं.प्रदेश,नेपाल

इलाम नगरपालिका नगर कार्यपालिकाको कार्यालय शिक्षा युवा तथा खेलकुद शाखा १ नं. प्रदेश, नेपाल

मितिः २०७८/०२/३१

विषयः कार्यसम्पादन मूल्याङ्कन फारम भर्ने भराउने सम्बन्धमा ।

श्री सबै सामुदायिक विद्यालयका प्रधानाध्यापकहरु,
इलाम नगरपालिका, इलाम ।

प्रस्तुत विषयमा शिक्षक सेवा आयोगको मिति २०७७/१२/३० गतेको सूचना अनुसार नेपाल सरकार शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयको निर्णयबमोजिम शैक्षिक सत्र २०७७ को विद्यालय तहको पठनपाठन २०७८ जेठ मसान्तभित्रमा सम्पन्न गरी २०७८ सालको शैक्षिक सत्र असार १ गतेबाट शुरु हुने भएकोले स्थायी शिक्षकहरुले शैक्षिक सत्र २०७७ को कार्य सम्पादन मूल्याङ्कन **फाराम मिति २०७८ असार १ गतेबाट असार ३० गतेसम्ममा** भरी भराई तपसिलबमोजिमको निर्देशन अनुसार सम्बन्धित विद्यालयमा दर्ता गराई प्रधानाध्यापक **स्वयं सुपरिवेक्षक भएमा** मिति २०७८/०४/१४ गते भित्र र प्रधानाध्यापक **स्वयं सुपरिवेक्षक नभएमा** मिति २०७८/०४/०७ गतेभित्र कार्यालयको शिक्षा, युवा तथा खेलकुद शाखामा पेश गर्नुहुन अनुरोध छ ।

प्रेमकुमार गौतम
मु.सचिव (अधिकृत स्तर दशौं)

**बोधार्थ:**

श्री सूचना तथा प्रविधि शाखा, इलाम नगरपालिका, इलाम – वेभसाइटमा अपलोड गरिदिनु हुन ।

क्रमशः

स्वच्छ संमृद्ध सुसंस्कृत इलाम

# इलाम नगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

## शिक्षा,युवा तथा खेलकुद शाखा

इलाम

१ नं.प्रदेश,नेपाल

Green Ilam

पत्र संख्या: ०७७/७८

चलानी नः 8228

**इलाम नगरपालिका स्थित सामुदायिक विद्यालयहरुमा कार्यरत स्थायी शिक्षकहरुको शैक्षिक वर्ष २०७७ को कार्यसम्पादन मूल्याङ्कन फारम भर्ने भराउने सम्बन्धी आवश्यक निर्देशन:**

१. माध्यमिक तहमा **पहेलो**, निम्न माध्यमिक तहमा **हरियो** र प्राथमिक तहमा **निलो** रङको फारम प्रयोग गर्ने।

२. **दर्ता नम्बर र दर्ता मिति** शिक्षक स्वयंले कासमूमा लेख्ने।

३. **केरमेट, ओभरराइटिङ र टिपेक्स** प्रयोग नगर्ने।

४. विद्यालय शिक्षक किताबखानाले उपलब्ध गराएको **शिक्षक संकेत नम्बर (सिटरोल नं.)** अनिवार्य रुपमा उल्लेख गर्ने।

५. शिक्षकले जुन **तह र विषयमा** नियुक्ति लिएको हो सोही तह र विषय अध्यापन गरी औसत उत्तीर्ण प्रतिशत पनि सोही तह र विषयको उल्लेख गर्ने।

६. कासमू फारमको **खण्ड क** को प्रयोजनका लागि शिक्षकले कक्षागत औसत उत्तीर्ण प्रतिशत गणना गर्दा अध्यापन गरेको कक्षाको सम्बन्धित विषयमा D+ र सो भन्दा माथिल्लो ग्रेड ल्याउने विद्यार्थीहरुको कूल संख्या जोडी सो कक्षाका कूल परीक्षार्थी संख्याले भाग गरी १०० अंकले गुणन गर्ने।

$$\frac{\text{D+ र सो भन्दा माथिल्लो ग्रेड ल्याउने विद्यार्थीहरुको कूल संख्या}}{\text{कूल परीक्षार्थी संख्या}} \times १००$$

७. कासमू फारमको **खण्ड ख** को प्रयोजनका लागि शिक्षकले शैक्षिक अनुसन्धान प्रतिवेदन तयार गरेको भए फारमको साथमा नै अनिवार्य रुपमा पेश गर्ने र तोकिएको स्थानमा सो प्रतिवेदनको छोटकरी विवरण उल्लेख गर्ने।

८. कासमू फारमको **खण्ड ग** बमोजिम शिक्षकहरुलाई दिइने **विशेष जिम्मेवारी** अध्यापन बाहेक शैक्षिक सत्र शुरु भएको **पहिलो महिनाभित्र लिखित** रुपमा नै तोकिएको हुनुपर्ने र सोको प्रमाण कासमू फारमका साथ पेश गर्ने।

९. **अस्थायी शिक्षक प्रधानाध्यापक भएको खण्डमा** कुनै पनि तह र श्रेणीको शिक्षकको कार्यसम्पादन मूल्याङ्कन **नगर्ने**।

१०.प्रधानाध्यापकले समान तह र श्रेणी वा माथिल्लो तह र श्रेणीको शिक्षकको **सिफारिश नगर्ने** तथा सुपरिवेक्षक र पुनरावलोकन समितिमा समेत **दस्तखत नगर्ने**,

११. प्रधानाध्यापकले कासमू फारमका साथमा शैक्षिक वर्ष २०७७ को **दैनिक कार्यतालिका र विशेष जिम्मेवारीको विवरण प्रमाणित गरी पेश गर्ने।**

१२. **वार्षिक तहगत/कक्षागत/विषयगत औसत उत्तीर्ण प्रतिशतको** विवरण **असार १५** गते भित्रमा शाखामा पेश गरिसक्नु पर्नेछ। तत् पश्चात मात्रै शाखाबाट सम्बन्धित विषयको भौगोलिक एकाइको औसत उत्तीर्ण प्रतिशत उपलब्ध गराइनेछ।

१३.तोकिएको समय (मिति २०७८/०३/३० गतेभित्र) मा विद्यालयमा **दर्ता नगरेको, दर्ता नम्बर र दर्ता मिति उल्लेख नभएको,** सम्बन्धित शिक्षकले **दस्तखत नगरेको, शिक्षक संकेत नं नभएको** र भर्नुपर्ने विवरण **नभरेको साथै केरमेट, ओभरराइटिङ र टिपेक्स प्रयोग भएको** कासमू फारम कुनै पनि हालतमा कार्यालयमा दर्ता हुने छैन।

प्रेमकुमार गौतम
... सचिव (अधिकृत स्तर दशौं)